**नेपाल सरकार**

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं ।

(आन्तरिक व्यवस्थापन शाखा )

पत्र संख्याः-२०७८/७९ च.नं. ९६३

मिति २०७८/१२/०४

**<u>बिषय :- परिपत्र सम्बन्धमा ।</u>**

श्री स्थानीय तह, सबै

प्रस्तुत बिषयमा निर्वाचन आयोग, नेपालको मिति २०७८/१२/०२ च.नं. ४११ को पत्र यसै पत्र साथ संलग्न छ । सो पत्रको अवगत गरी आवश्यक व्यवस्था गर्नु/गराउनुहुन मिति २०७८/१२/०४ को निर्णयानुसार अनुरोध छ ।

२०७८/१२/०४

नारायण प्रसाद भट्टराई

शाखा अधिकृत

बोधार्थः-

श्री सूचना तथा प्रविधि शाखा :- वेवसाइटमा अपलोड गर्नुहुन ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: 067/065-899 मिति २०७८।१२।२

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार ।

निर्वाचन आयोग नेपाल २०२३

विषयः **स्थानीय तहलाई परिपत्र गरिदिने सम्बन्धमा ।**

निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारले स्थानीय तह सदस्यको निर्वाचन एकै चरणमा सम्पन्न गर्न २०७९ साल वैशाख ३० गतेको दिन तोकी विहान ७ बजे देखि साँझ ५ बजेसम्म मतदान गर्ने गरी कार्यक्रम तय भएको सन्दर्भमा मतदान कार्य सम्पन्न भएपछि मतपेटिकाको भण्डारण तथा मतगणना कार्यको अनुगमन आयोग परिसरबाटै गर्ने उद्देश्यले मतगणना स्थल दृश्य अवलोकन प्रणाली - **Vote Counting Video Management System (VCVMS)** को प्रयोग गर्न आयोगबाट निर्णय भएको, उक्त **VCVMS** प्रणाली सम्बन्धित स्थानीय तहले व्यवस्थापन गरी सोही तहको स्वामित्वमा रहने गरी संलग्न अनुसूचीमा उल्लेख भए बमोजिमको **Specification** अनुसार आयोगसँग आवद्धता **(Connection)** कायम गर्न देहाय बमोजिम निर्णय गरेकोले सो अनुसार आवश्यक ब्यवस्था मिलाउन सबै स्थानीय तहलाई परिपत्र गरिदिने ब्यवस्था हुन मिति २०७८।१२।१ को निर्णयानुसार अनुरोध छ । साथै, स्थानीय तहबाट प्रणाली जडान हुने प्रतिबद्धताको जानकारी आयोगको इमेल ठेगाना info@ecn.gov.np मा उपलव्ध गराइदिने ब्यवस्था हुन समेत अनुरोध गरिन्छ ।

(क) स्थानीय तह सदस्य निर्वाचन २०७९ लाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउन मतगणना कार्यको दृश्य अवलोकनका लागि मतगणना स्थल र आयोग बीचमा इन्टरनेट **Connectivity** कायम गर्नका लागि स्थानीय तहको साधन स्रोत प्रयोग गरी हरेक मतगणना स्थलमा दृश्य अवलोकन प्रणाली **Vote Counting Video Management System (VCVMS)** जडानका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा ७ र ८ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरूलाई अनुरोध गरी पठाउने,

(ख) निर्णय नं. (क) बमोजिमको प्रणालीको लागि अनुसूची-१ बमोजिमको स्पेशिफिकेशन स्वीकृत गर्ने र सो अनुसारको **Hardware** र **Software** जडान गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरूलाई लेखी पठाउने ।

(विश्वराज दाहाल)
शाखा अधिकृत

**बोधार्थ**

श्री प्रदेश निर्वाचन कार्यालय, सबै ।

श्री जिल्ला निर्वाचन कार्यालय, सबै ।

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np